# एघारौं नगर सभामा प्रस्तुत आर्थिक वर्ष २०७९/८० को बार्षिक नीति, कार्यक्रम तथा बजेट वक्तव्य

## हनुमाननगर कंकालिनी नगरपालिका

## हनुमाननगर सप्तरी

# हाम्रो प्रतिबद्धता

नेपालको संविधानले राज्य शक्तिलाई ३ (तीन) तहमा वर्गीकरण गरी संघीय संरचनामा मुलुक रुपान्तरण भए पश्चात साविकका स्थानीय निकायहरु स्थानीय तहको रुपमा पुन: संरचित भएको ५ वर्ष पछि हामीले एघारौ नगर सभा सम्पन्न गरेका छौ। संघीय, प्रादेशिक तहबाट प्रदान हुने अनुदान एवं नगरपालिकाको समेत श्रोत एकिन गरी नगरसभाले सिमित श्रोत र साधनलाई अधिकाधिक रुपमा नगरवासीको आवश्यकतालाई संबोधन हुने गरि प्राथमिकता पुर्वक बजेट विनियोजन गरेको छ। बजेट विनियोजनको प्रमुख आधारको रुपमा वस्ती, टोल हुदै वडा मार्फत छनौट भई आएका आयोजनाहरुलाई लिएको छ। न्यून आन्तरिक तथा अन्य श्रोत, जनसांख्यिक रुपले दिगो शहरी विकास व्यवस्थापन लागतका बिच समुचित सन्तुलन कायम गर्नु हाम्रो प्रमुख चुनौती रहेको छ।

नगर क्षेत्र भित्रका १४ वटै वडाका सम्पूर्ण सडकहरु/मार्गहरु बाह्रै महिना संचालन हुने गरि सडक निर्माण गर्नु हाम्रो प्रमुख प्राथमिकतामा रहेको छ। नगरका किसानहरुलाई प्रोत्साहन गरि परम्परागत कृषिलाई आधुनिक र व्यावसायिक बनाउदै बजारको खोजि गरी बजारसम्म उत्पादित कृषि उपजको सहज पहुँच र बेरोजगारीको न्यूनीकरण गर्दै रोजगारीको अवसर सिर्जन गर्ने निमित्त नगरले विशेष ध्यान दिने नीति अवलम्बन गरेको छ। नगरका पर्यटकीय सम्भावनाहरुको खोजी, कंकालिनी मन्दिर र हनुमान मन्दिरको विकास गरी धार्मिक पर्यटकीय नगरको रुपमा विकास गर्ने तर्फ हामी जनप्रतिनिधिहरुको ध्यान केन्द्रित छ भने नागरिकका मौलिक हकको रुपमा संविधानले व्यवस्था गरेका शिक्षा, स्वास्थ्य, रोजगारको सुनिश्चितता गर्ने र सबै प्रकारको असमानता र विभेदहरुको अन्त्य गर्दै न्यायपूर्ण समतामुलक समावेशी समाज निर्माण गर्नु हाम्रो प्राथमिक कर्तव्य रहेको छ।

उल्लेखित कार्य गर्नका लागि हामी निर्वाचित सम्पूर्ण जनप्रतिनिधिहरु एकजुट भएर लागेका छौ। यस महान कार्यमा नगरका सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, उद्योगी, व्यवसायी, समाजसेवी, पत्रकार लगायत सम्पूर्ण नगरवासीको सार्थक सहयोग, साथ र साझेदारी हाम्रा लागि सधै मार्गदर्शनको रुपमा रहनेछ।

एघारौ नगरसभालाई सफलताका साथ सम्पन्न गर्न सहयोग गर्नु हुने सबै महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दै समृद्ध नगर, सुखी नगरवासी निर्माण गर्न हामी प्रतिबद्ध रहेको व्यहोरा सम्पूर्ण नगरवासी समक्ष निवेदन गर्न चाहन्छौ। साथै अबका आउने दिनहरुमा समेत यस्तै सक्रिय, सार्थक सहयोगको अपेक्षा गर्दछौ।

**धन्यवाद**

**सरिता देवी यादव सिपलिया**
**नगर उप प्रमुख**

**बिरेन्द्र माझी**
**नगर प्रमुख**

# एघारौं नगर सभामा प्रस्तुत आर्थिक वर्ष २०७९/८० को बार्षिक नीति, कार्यक्रम तथा बजेट वक्तव्य

**यस एघारौं नगरसभाका सभाध्यक्ष तथा नगरप्रमुख ज्यू,**
**नगर कार्यपालिकाका सदस्यज्यूहरू, नगरसभा सदस्यज्यूहरू,**

लगायत सबैमा म व्यक्तिगत र नगरपालिका परिवारको तर्फबाट हार्दिक स्वागत गर्दछु । साथै देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न तथा जनतालाई सार्वभौम अधिकार सम्पन्न बनाउने महान अभियानमा सहादत प्राप्त गर्नु भएका सम्पूर्ण ज्ञात, अज्ञात शहीदहरू प्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह हुने गरी तीन तहको हुने र राज्य शक्तिको प्रयोग तिनै तहले संविधान र कानुन बमोजिम हुने व्यवस्था गरेको छ । सङ्घ, प्रदेश तथा स्थानीय तहले वित्तीय सङ्घीयता अनुरुप आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन निर्माण गर्ने, निर्णय गर्ने, नीति तथा योजना बनाउने, वार्षिक बजेट तथा कार्यक्रम बनाउने र कार्यान्वयन गर्ने व्यवस्था गरेको छ ।

नेपाल सरकारको २०७३ फागुन २७ को निर्णयानुसार साविक हनुमाननगर योगिनीमाई नगरपालिका, रमपुरा मल्हनिया गा.वि.स, भारदह गा.वि.स, पोर्ताहा गा.वि.स र मधवापुर गा.वि.स समावेश गरी हनुमाननगर कंकालिनी नगरपालिका घोषणा भई विकासपथमा लम्किरहेको यस हनुमाननगर कंकालिनी नगरपालिकाका विविध समस्या, चुनौति र अवसरहरू छन भन्ने कुरा हामीमा विदितै छ । यसका वावजुद पनि यस नगरपालिका क्षेत्रको विकास कसरी गर्न सकिन्छ भन्ने तर्फ निर्वाचित सभा प्रतिबद्धताका साथ लागि पर्ने विश्वास लिदै दोश्रो स्थानीय तहको निर्वाचनबाट निर्वाचित हामी जनप्रतिनिधिहरू जनताका आकाँक्षा, चाहना र भावनालाई सम्बोधन गर्ने दृढ संकल्पका साथ यस एघारौ नगरसभामा आ.व. २०७९/८० का लागि वार्षिक नीति तथा कार्यक्रम र बजेट समेत यस सम्मानित सभा समक्ष राख्न पाउँदा म आफु र यस नगर सभालाई गौरवान्वित ठानेको छु । यस अवसरमा हाम्रो कदमलाई सहयोग गर्नुहुने सम्पूर्ण नगरबासीहरू, निर्वाचित पदाधिकारीहरू, राजनैतिक दलका पदाधिकारीहरू, विभिन्न सरकारी तथा गैर सरकारी निकायहरू, नागरिक समाजका अभियन्ताहरू, शिक्षक, पत्रकार, साहित्यकार बुद्धिजिवी र समाजसेवीहरू प्रति आभार व्यक्त गर्दछु ।

**आदरणीय सभाध्यक्ष ज्यू तथा नगरसभा सदस्यज्यूहरू,**

हाम्रा चाहना र आवश्यकताहरू असिमित तर स्रोत र साधनहरू सिमित छन । उपलव्ध सिमित स्रोत र साधनबाट समग्र नगरको सम्पूर्ण नागरिकहरूको चाहना र विकासलाई सम्बोधन गर्न आफैमा चुनौतिपूर्ण छ । त्यसैले सिमित स्रोत र साधनलाई प्राथमिकताका साथ परिचालन गरी अधिकतम जनसहभागिता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने हाम्रो आवश्यकता र वाध्यता हो । यस तर्फ सम्पूर्ण सदस्यज्यूहरूको सहयोग र सहकार्यको आशा लिएको छु ।

**आदरणीय सभाध्यक्ष ज्यू तथा नगरसभा सदस्यज्यूहरू,**

अब म यस नगरपालिकाको नीति तथा कार्यक्रम, बजेट तथा योजना तर्जुमाको लागि अबलम्बन गरिएका पद्धति तथा लिइएका आधारहरूको बारेमा व्याख्या गर्न चाहन्छु। जसमा,

१. नेपालको संविधान, २०७२ ले परिलक्षित गरेका निर्देशक सिद्धान्त तथा नीतिहरू र स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने भनि संविधानले परिभाषित गरेका अधिकारका क्षेत्रहरू।

२. स्थानीय सरकार सञ्चालन ऐन २०७४ र नेपाल सरकारबाट समय समयमा जारी भएका आदेश तथा निर्देशनहरू।

३. दीगो विकासका लक्ष्य तथा पन्ध्रौ राष्ट्रिय योजनाको आधार पत्र तथा सङ्घीय बजेटले निर्धारण गरेका प्रमुख क्षेत्रहरू

४. वडा स्तरीय योजना तर्जुमा भेला तथा वडा समितिको सिफारिस, विषयगत समिति र योजना तर्जूमा तथा कार्यक्रम समितिबाट सिफारिस भइ आएका योजनाहरू।

५. राजश्व परामर्श समिति तथा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिका निर्णयहरू।

६. बजेट तथा कार्यक्रम तर्जूमा समितिका निर्णयहरू।

७. विकासका समसामयिक मुद्दाहरू जस्तै सामाजिक सुरक्षा, दिगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक शसक्तीकरण तथा समावेशी विकास, बालमैत्री र वातावरण मैत्री स्थानीय शासन, आधारभूत स्वास्थ्य, पूर्ण साक्षरता, खुला दिशामुक्त तथा पूर्ण सरसफाई र पूर्वाधार विकास लगायतका अन्तर सम्बन्धीत विषयहरूलाई लिइएको छ।

**आदरणीय सभाध्यक्ष ज्यू तथा सदस्यज्यूहरू,**

यस नगरपालिकाको आ.व. २०७९/८० को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न गइरहेको छु। नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्नु पूर्व यस नगरपालिकाको दिर्घकालिन सोंच (Vision), लक्ष्य (Goal), उद्देश्य (Objectives) बारेमा संक्षिप्त प्रस्तुति गर्दछु।

## दीर्घकालिन सोच (Vision):

नगरमा शिक्षा, कृषि, पूर्वाधार र पर्यटनको विकास गरी सुन्दर र समृद्ध नगरपालिका निर्माण गर्ने दीर्घकालीन सोच रहेको छ।

## लक्ष्य (Goal):

हनुमाननगर कंकालिनी नगरपालकिालाई शैक्षिक गन्तव्यको रुपमा विकास गर्दै कृषिमा आधुनिकीकरण, स्वास्थ्यमा विकास गर्ने, पर्यटन विकास एवम् साना घरेलु उधोगलाई सवलीकरण गर्दै सुरक्षित र आर्थिक विकास र गतिशिल आर्थिक विकास केन्द्रको रुपमा विकास गरिनेछ।

## उद्देश्य (Objectives):

- हनुमाननगर कंकालिनी नगरपालिकाको मुल उद्देश्य नगरपालिका आधारभुत आवश्यकता पुरा गर्दै सामजिक, आर्थिक र शैक्षिक क्षेत्रमा सवल र सशक्त बनाई नगरमा पुर्वाधार विकास गर्दै धार्मिक पर्यटकीय, समुन्नत र समृद्व नगर बनाईनेछ ।
- आधुनिक कृषिउत्पादन, साना तथा घरेलु उद्योग र पशुपालनमा जोड दिई स्वरोजगारीका अवसर सिर्जना गर्ने ।
- धार्मिक पर्यटकीय केन्द्रको रुपमा रहेको हनुमान मन्दिर र कंकालिनी मन्दिरका साथै विभिन्न पर्यटन क्षेत्रको विकास गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटकको गन्तव्य क्षेत्र बनाउने ।
- नगरपालिकामा रहेका स्वास्थ्य केन्द्रहरूलाई स्तरोन्नति गरी सुविधा सम्पन्न अस्पतालको रुपमा विकास गर्ने ।
- नगर भित्र सञ्चालित विद्यालयहरूमा गुणस्तरीय शिक्षाको प्रत्याभुती गर्ने ।
- पूर्ण सरसफाइ युक्त नगर निर्माण गर्ने ।
- बालमैत्री र वातावरणमैत्री नगर निर्माण गर्ने ।
- बालश्रम, वालविवाह, छुवाछुत तथा कुसंस्कार मुक्त नगर घोषण गर्ने ।
- सुशासन कायम गर्ने ।

## आदरणीय सभाध्यक्ष ज्यू तथा नगरसभा सदस्यज्यूहरू,

अब म यस नगरपालिकाले आगामी दिनमा विभिन्न विषयगत क्षेत्रको विकासमा अबलम्बन गर्ने नीतिका बारेमा प्रस्तुत गर्दछु ।

### (क) आर्थिक विकास

#### १. कृषि तथा पशु

- कृषि क्षेत्रमा व्यवसायिकरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धिबाट कृषकहरुको आयआर्जनमा वृद्धि गरिनेछ
- परम्परागत खेती प्रणालीलाई आधुनिक खेती प्रणालीमा रुपान्तरण गरिनेछ ।
- कृषिमा बाली तथा पशु बीमा गरी कृषकहरुको जोखिमलाई न्युनिकरण गरिनेछ ।
- कृषि उपज संकलन केन्द्र र हाट बजार व्यवास्थपन जस्ता कृषि संग सम्बन्धीत पुर्वाधारहरु निर्माण, मर्मत सम्भार सम्बन्धी कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- कृषकहरुलाई आवश्यक पर्ने बीउ, विजन तथा मलहरु एवं कृषि सामाग्रीहरु समयमै उपलब्ध गराउन पहल गरिनेछ ।
- नगरपालिकाको ग्रामिण क्षेत्रको ठूलो भागमा सिंचाईको उपयुक्त व्यवस्था नभएकोले सम्बन्धित निकायहरुसँगको सहकार्यमा त्यसतर्फ विशेष ध्यान दिइनेछ ।
- खुल्ला र वन क्षेत्रको उपलब्धबाट प्राप्त सम्भावना र अवसरलाई ध्यानमा राख्दै पशु पालनको माध्यमबाट जनताको आर्थिक स्थितिमा सूधार ल्याउन पशु पालनलाई प्रोत्साहित गरिनेछ । साथै सम्बन्धित निकायको

सहयोगमा उपयुक्त सीप र प्रविधीको विकास र विस्तार गरी पशु जन्य उत्पादनको क्षेत्रमा यस न.पा.लाई अग्रस्थानमा ल्याउन प्रयास गरिनेछ।

**२. उद्योग तथा बाणिज्य**

- लघु तथा घरेलु उधोगहरुको तथ्यांक संकलन गरी उधोगहरुको प्रवद्धन र विकासमा जोड दिईनेछ।
- कृषिमा आधारित उधोग, व्यवसाय स्थापना र संचालनमा प्रोत्साहित गर्न उधोग दर्ता नविकरण गर्दा लाग्ने शुल्क र आयमा लाग्ने करमा छुट दिने नीति अवलम्बन गरिने छ।
- वातावरणमा प्रतिकुल असर नपर्ने गरी प्रचलित कानुन बमोजिम नगरपालिका भित्र रहेका खोलानालाबाट ढुगां गिट्टी, बालुवा उत्खनन् गरी विक्री वितरण गर्न आवश्यक नीतिगत प्रवन्ध मिलाईनेछ।
- परम्परा देखि चलि आएको दलित तथा पिछडा वर्गको सिपलाई आधुनिकीकरण गरि सानार लघु उद्योग सञ्चालन गर्न सम्बन्धीत वर्ग उत्साहित भै आएमा विशेष सहयोग गर्ने नीति अवलम्बन गरिनेछ।
- उद्योग विकासका लागि नगरभित्र उत्पादित वस्तु तथा सेवाको अधिकतम प्रयोग गर्दै स्थानीय सार्वजनिक निकायबाट विभिन्न समारोहमा उपहार प्रदान गर्दा नगर भित्र उत्पादित वस्तु दिने नीति लिइनेछ ।

**३. सहकारी**

- सहकारी संस्थाको दर्ता तथा नियमन कार्यलाई व्यवस्थित गर्न सहकारी ऐनलाई समयानकुल परिमार्जन गरिने छ।
- प्रत्येक परिवारका सदस्यहरुलाई आफनो आय अनुसार सहकारीमा अनिवार्य बचत गर्ने बानीको विकासको लागि अभिप्रेरित गर्न विभिन्न अभियानहरु संचालन गरिने छ।
- नगरक्षेत्र भित्र रहको सम्पूर्ण सहकारी संस्थाको तथ्यांक संकलन गरी व्यवस्थित अभिलेखीकरण गरिने छ।
- सहकारी नियमन प्रणालीलाई चुस्त दुरुस्त बनाउदै प्रचलित कानुन विपरित संचालनमा रहेका सहकारी संस्थाको दर्ता खारेज गरिने छ।
- सहकारी संस्था सम्बन्धि स्थानीय नीति कानुन मापदण्ड कार्यान्वयन र नियमनमा विशेष जोड दिईनेछ।
- सहकारीको माध्यमबाट स्थानीय स्रोत श्रम सीप र पूँजीको अधिकतम परिचालन गरी आर्थिक सामाजिक रुपान्तरण गरिनेछ।

### ४. रोजगार प्रवर्द्धन तथा गरिबी न्यूनिकरण

- नगरपालिका भित्र बसोवास गर्ने विपन्न तथा गरिबहरुको तथ्यांक संकलन गरी अभिलेखीकरण गरिनेछ ।
- वैदेशिक रोजगारबाट फर्केका र नगरमा रहेका वेरोजगार युवाहरुको तथ्यांक संकलन गरी सिपमुलक तालिम संचालनको व्यवस्था गरिने छ ।
- श्रमको सम्मानका लागि नगर क्षेत्र भित्र रहको वेरोजगारहरुलाई हाम्रो गाँउ हामी बनाऔ भन्ने कुरालाई आत्मसात गरी गाँउघरको विकास निर्माण कार्यमा परिचालन गर्दै रोजगारी सृजना गर्ने नीति लिईने छ ।

### (ख) सामाजिक विकास

### १. शिक्षा

- पूर्व प्राथामिक विद्यालय लगायत अन्य सबै विद्यालयहरुको स्थापना र कक्षा वृद्धिका लागि नेपाल सरकार द्धारा तोकिएको मापदण्ड कडाइका साथ लागू गर्दै लगिनेछ ।
- विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्न र विद्यालय छाड्ने दर घटाउन सामुदायिक परिचालनका माध्यमबाट जनचेतना अभिवृद्धिमा अधिक जोड दिइनेछ ।
- सामुदायिक विद्यालयहरुको संस्थागत विकासका लागि आवश्यक सहयोग उपलब्ध गराउन विशेष ध्यान दिइनेछ ।
- नगरपालिका क्षेत्रभित्र रहको बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार निर्माण तथा व्यवस्थापनलाई जोड दिईनेछ ।
- शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आधारभुत तहको तल्लो कक्षाबाटै सुधारका प्रयासहरुलाई थप व्यवस्थित बनाउँदै लगिनेछ ।
- रोजगारमुलक, सिपमुलक, प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिईनेछ ।
- यस न पा. क्षेत्र भित्र रहेका.निरक्षर व्यक्तिहरुको लगत संकलन गरी निरक्षरता उन्मुलनका लागि क्रमशप्रयास : गर्दै लगिनेछ ।
- नगरपालिका क्षेत्र भित्र रहेका बाल बिकास केन्द्रहरुको भौतिक पूर्वाधार निर्माण तथा व्यवस्थापनलाई जोड दिइनेछ ।
- हनुमाननगर पोलिटेक्निक ईन्सटिच्यूटमा अध्ययन गर्ने यस नगरपालिकाका दलित र अति विपन्न छात्र छात्रालाई कक्षा शिक्षण शुल्कमा ५० प्रतिशत छुट दिईनेछ, सो को श्रोत सुनिस्चता गरि नगरपालिकाले व्यवस्थापन गर्ने छ ।
- महाविर उच्च माध्यमिक विधालयमा उच्च शिक्षा कक्षा ११ र १२ मा अध्ययन गर्ने यस नगरपालिकाका दलित छात्राहरुलाई तिर्नुपर्ने कक्षा शिक्षण शुल्क नगरपालिकाले व्यहोर्ने नीति अवलम्बन गरिनेछ ।
- सामुदायिक विद्यालयबाट एस.ई.ई परिक्षामा सबैभन्दा बढी अंक ल्याउने १/१ जना छात्र छात्रालाई सम्मान तथा पुरस्कृत गरिनेछ ।

- यस नगरपालिकाको इच्छा, प्रविधिमा आधारित गुणस्तरीय शिक्षा नारा सहित प्राविधिक, व्यावसायिक र सिपमुलक शिक्षालाई प्राथमिकता दिदै सूचनामा आधारित सिकाइ क्रियाकलापमा जोड दिने नीति अवलम्बन गरिनेछ।
- नगरपालिकमा रहेको सामुदायिक विधालयहरुमा न.पा. बाट विजुली बत्तिको व्यवस्था अविलम्ब गरिने।

## २. स्वास्थ्य सेवा

- हनुमाननगर कंकालिनी नगरपालिकामा हाल सञ्चालनमा रहेका भारदह अस्पताल, स्वास्थ्य चौकी उप स्वास्थय चौकी लाई नियमिति संचालन र व्यवस्थापन गरिनेछ। साथै नयाँ आर्थिक वर्षमा हनुमाननगर अस्पताल समेत सञ्चालनमा ल्याईनेछ।
- जेष्ठ नागरिक सम्मानका लागि जीवन यापनमा सहजता ल्याउन, जेष्ठ नागरिक बीच अनुभव आदान प्रदान एवंम पारिवारिक सचेतना कार्यक्रम, वडा तथा नगर स्तरमा जेष्ठ नागरिक कार्यक्रम सञ्चालन गरिनेछ।
- महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई प्रति महिना जनहि रु ११०० का दरले प्रदान गर्दै आइरहेको भत्ता लाई आगामी वर्ष रु २०० वृद्धि गरी रु १३०० का दरले प्रदान गरीनेछ।
- निजी क्षेत्रबाट संचालित स्वास्थ्य संस्था, क्लिनिक एवम् औषधि पसलहरुको निरन्तर अनुगमन गरिनेछ।
- नगरबासीको स्वास्थ्यमा पहुँच पुर्याउन स्वास्थय विमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।
- यस नगरपालिकाबाट संचालन हुने एम्बुलेन्स सेवामा यस नगरपालिकाका दलित, जेष्ठ नागरिक, अपांग, एकल महिलालाई ५० प्रतिशत छुटमा सेवा दिईनेछ।
- कर्णधारसँग वडाध्यक्ष कार्यक्रम अन्तर्गत गर्भ रहे देखि प्रशुति पूर्व नियमित चार पटक गर्भवती परीक्षण गराउने र तालिम प्राप्त स्वास्थ्य कार्यकर्ताबाट प्रशुति गराउने सुत्केरी महिलाको घरमा प्रथा परम्परा अनुसार सुत्केरी समयमै वडाध्यक्षको नेतृत्वमा स्वास्थ्यको कर्मचारी, वडा सचिव सहितको टिमले नबजात शिशु स्याहार सामाग्री, सुत्केरी महिलालाई पोषणयुक्त खानेकुरा, स्वास्थ्य परिक्षण जाँच गर्नुका साथै नवजात शिशुको जन्मदर्ता समेत उपलब्ध गराइनेछ।
- गर्भवति महिलालाई एम्बुलेन्स सेवा नि:शुल्क गरिने।
- हनुमाननगर कंकालिनी नगरपालिका अन्तर्गत बर्थिक सेन्टरमा दक्ष स्टाफ नर्स डक्टरको व्यवस्था, तथा वेटिङ्ग कोठाको व्यवस्था गर्ने।

## ३. खानेपानी तथा सरसफाई

- सम्बन्धित निकायहरुसँगको सहकार्यमा नगरपालिका क्षेत्रका अधिकतम नगरबासीको स्वच्छ खानेपानी सम्मको पहुँच अभिबृद्धि गर्न प्रयास गरिनेछ।
- नगरपालिका क्षेत्र भित्र पोखरीहरुको जिर्णोद्धार गरी जलाशय श्रोत संरक्षण सम्बन्धी कार्यलाई जोड दिइनेछ।
- विभिन्न निकायहरु सँगको सहकार्यमा नगरपालिका भित्रका मूख्य एवं सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालय निर्माण तथा संचालन गर्न जोड दिइनेछ।

- नगरपालिकाले गर्नु पर्ने सरसफाई सम्बन्धी कार्य सार्वजनिक निजी साझेदारीबाट सञ्चालन गर्ने नीति लिइनेछ ।
- प्रदूषण गर्नेले शुल्क तिर्ने (Polluter pays principle) भन्ने अवधारणा अनुरुप फोहोरमैला सङ्कलन हुने वडाका नागरिकलाई जवाफदेही बनाउन फोहोरमैला सङ्कलन वापत शुल्क लगाइनेछ ।
- अधुरो खानेपानी नगरपालिका भित्र संचालन गरिने ।

### ४. संस्कृति, पर्यटन, खेलकुद तथा सामाजिक समावेशिता

- लक्षित समुहको कार्यक्रम अन्तगत महिला विरुद्धको लैगिंक तथा घरेलु हिंसा, महिला हकहित संरक्षण तथा सीप विकास कार्यक्रम मनोसामाजिक परामर्श कार्यक्रम, गृहिणी महिलाको लागि वातावरण मैत्री सचेतना कार्यक्रम जस्ता विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- राज्यको तर्फबाट उपलब्ध हुने सेवा सुविधा सम्मको पहुँचबाट बञ्चित आदिवासी, जनजाती, दलित, मधेशी मुश्लिम, पिछडा वर्ग, यौनिक र सीमान्तकृत, अल्पसंख्यक समुदाय लगायत लाई समाजिक समावेशीकरणको अवधारणा अनुसार सचेतीकरण तथा क्षमता विकासको अवसर प्रदान गरी विकासको मुल प्रवाहमा ल्याउने कार्यक्रमहरु संचलान गरिनेछ ।
- नागरिक सचेतना केन्द्र, साविकको वडा नागरिक मञ्च लगायत समुदायमा आधारित संघ सस्थाहरुको क्षमता विकास गर्ने तर्फ विशेष कार्यक्रमहरु ल्याइने छ ।
- महिलाहरुको लागि विभिन्न प्रकारका आयमूलक, सीपमूलक तालिम संचालन गरी तिनीहरुको आर्थिक स्तरका साथै दक्षता अभिबृद्धि गर्ने तर्फ विशेष ध्यान दिइनेछ ।
- लिंगको आधारमा हुने कुनै पनि प्रकारको हिंसा र विभेद अन्त्य गर्दै सबै क्षेत्रको विकासमा महिलाहरुको समान सहभागिता गराई अन्य निकायहरु सँगको समन्वयमा महिला सशक्तीकरणका लागि अधिकतम प्रयास गरिनेछ ।
- साहित्य, भाषा, कला, संस्कृति संरक्षण एवं प्रबद्र्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- स्वरोजगार र आय आर्जनको अवसर सिर्जना गर्न स्थानीय श्रोत साधनमा आधारित घरेलु तथा साना उधोग प्रवद्र्धन गर्ने सम्बन्धीत निकाय संघ संस्थासंग समन्वयन गरी कार्यक्रम संचलान गरिनेछ ।
- यस नगरपालिका भित्रका पोखरी, धार्मिक पुरातात्विक तथा ऐतिहासिक सम्पदाहरु लगायतका उत्कृष्ट पर्यटकीय गन्तव्यको खोजी तथा लागत संकलन गरी संरक्षण र सम्बर्द्धनमा जोड दिईनेछ ।
- समय समयमा विभिन्न प्रकारका खेलकुद प्रतियोगिताहरु आयोजना गर्ने नीति अवलम्वन गरिने छ ।
- यस नगरपालिकाका वडा कार्यालयको सिफारिसमा जेष्ठ नागरिकलाई स्याहार सुसार गर्ने  एक वडाबाट कम्तिमा एक जना सन्ततिलाई श्रावण कुमार पुरस्कारद्वारा नगरले सम्मान गर्ने छ ।

## (ग) पूर्वाधार विकास

### १. सडक, यातायात र भवन

- विकास व्यवस्थापनमा जनसहभागिता भन्ने सिद्धान्तलाई मनन गरी भौतिक पुर्वाधार सम्बन्धी हरेक योजनाहरुमा न्युनतम १० प्रतिशत जनसहभागिता सुनिश्चित गर्ने प्रयास गरिनेछ।
- नगरपालिकाबाट निर्माण, मर्मत सम्भार र स्तरोन्नति हुने सडकको दुवै साईडमा वृक्षारोपण गर्न सम्बन्धीत उपभोक्ता समिति र स्थानीय जनतालाई अभिप्रेरित गरिनेछ।
- सम्बन्धीत निकायहरुको सहयोग र सहकार्यमा यस नगरपालिकाको व्यवस्थित शहरी विकास योजना आगामी आर्थिक वर्ष भित्र निर्माण गरी सोही बमोजिम भौतिक पुर्वाधारको विकास गर्दै लगिनेछ।
- नगर भित्र निर्माण हुने सार्वजनिक तथा निजि भवनहरू निर्माणको लागि भवन निर्माण मापदण्ड बनाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।
- गुणस्तरीय निर्माण सुनिश्चित गर्न निर्माण कार्यको गुणस्तर परीक्षणलाई अनिवार्य गर्दै लगिनुका साथै अनुगमन र निरीक्षण कार्यलाई थप प्रभावकारी बनाइने छ।
- अगामी दुई वर्ष भित्र नगरपालिकाको प्रशासकीय भवन र वडा कार्यालयहरुको भवन निर्माण गरी सेवामा सरल र सहज पहुँच स्थापित गरिनेछ।
- आर्थिक वर्षको अन्त्यमा आएर आयोजना स्वीकृती गरी कार्यान्वयन गर्ने प्रथाको अन्त्य गरिनेछ। आगामी आ.व. मङ्सिर मसान्तभित्र स्वीकृत आयोजनाहरुको सम्झौता गरी सक्ने र चैत्र महिना भित्रमा अन्तिम फरफारक लिई सक्नु पर्नेछ ।
- स्थानीय सडक, ग्रामिण सडक, कृषि सडकलाई स्तरोन्नती गरी कृषि उत्पादन वृद्धि र बजारीकरण सँग जोड दिईनेछ।
- नगरभित्रका सम्पूर्ण सडकहरुलाई बाह्रै महिना संचालन योग्य बनाउन नियमित सडक मर्मत सम्भार गर्ने नीति लिईनेछ।

### २. सूचना, संचार तथा शान्ति सुरक्षा

- आधुनिक सुचना प्रविधिको प्रयोग गर्ने नगरपालिकाका १४ वटै वडाहरुमा रहेको विधालयहरुमा इन्टरनेट सेवा पुर्याउने नीति लिईने छ।
- नगरपालिकाबाट प्रवाह गरिने सेवालाई चुस्त दुरुस्त पारदर्शी तथा प्रविधि मैत्री बनाउन आधुनिक सूचना प्रविधिको प्रयोगमा जोड दिईनेछ।
- १०० वाट सम्मको एफएम, सामुदायिक रेडियो लगायत स्थानीय संचार माध्यमहरु स्थानीय तहबाटै दर्ता गरिने नीति अवलम्बन गरिनेछ।
- विधुत नपुगेका ठाँउहरुमा क्रमश: विधुत विस्तार गरिनेछ।
- नगर प्रहरीको दक्षता क्षमता र संगठनमा अभिवृद्धि गर्दै विपद व्यवस्थापन तथा शान्ति सुरक्षा गर्ने कार्यमा परिचालन गरिनेछ।

### (घ) वन, वातावरण तथा विपद व्यवस्थापन

- प्रत्येक वर्ष कम्तिमा १ कि मि सडकको दुवैतिर वृक्षारोपण गर्ने कार्य प्रारम्भ गरी हरियाली प्रबर्द्धन गरिनेछ।
- उच्च जोखिममा रहेको कोशी नदीको वहाव र महुली खोला लगायतका विभिन्न खोलाहरुबाट वर्षेणी आउने बाढीबाट हुन सक्ने क्षतिबाट बच्न विभिन्न किसिमका सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।
- भविष्यमा विपद न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- नगरभित्रका विपद जोखिम क्षेत्रको नक्साकन तथा वस्तीहरुको पहिचान गरी स्थानान्तरणको लागि आवश्यक प्रकृयाको थालनी गरिने छ।
- नापी र मालपोत कार्यालयहरुको सहकार्यमा नगरपालिका भित्रका सरकारी तथा सार्वजनिक जग्गाहरुको विवरण तयार गरी सार्वजनिक जग्गा छुटयाई वृक्षारोपण गर्ने नीति अवलम्वन गरिनेछ।

### (ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

- स्थानीय सरकार जनताको घरदैलोमा सरकार भएको निर्वाचित जनप्रतिनिधिले पदभार ग्रहण गरी सवै वडामा वडा कार्यालय स्थापना गर्ने प्रतिवद्धता अनुसार नगरपालिकाको १४ वटा वडाहरु मध्ये ८ वटा वडाहरुमा वडा कार्यालयको आफनै भवन रहेको र वाँकी वडाहरुको पनि वडा कार्यालयको भवन निर्माण गर्ने कार्यलाई आगाडी बढाईनेछ।
- नगरपालिका अन्तर्गतका वडा कार्यालयहरु र वडा सचिवहरुलाई प्रचलित ऐन, कानुन बमोजिमको परिधी भित्र रही बढी भन्दा बढी अधिकार सम्पन्न बनाउँदै जनतालाई अझ बढी सरल र सहज तरिकाबाट निकटतम विन्दुबाट बढी भन्दा बढी सेवा सुविधा उपलब्ध गराउने प्रयास गरिनेछ।
- स्थानीय सेवा सञ्चालन सम्बन्धी आदेश, २०७४, स्थानीय तहमा कर्मचारी व्यवस्थापन सम्बन्धी आदेश, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगर कार्यपालिकामा खटिने कर्मचारीहरुको कामको अनुभव सीप र दक्षताका आधारमा जिम्मेवारी प्रदान गरी व्यवस्थापन गरिनेछ।
- जनप्रतिनिधिहरुको क्षमता विकास र अनुभव प्रदानको लागि अन्तर नगरपालिका भ्रमण गरी शहरी सुशासन तथा विकासका लागि आवश्यक ज्ञान र सीपको विकास गरिनेछ।
- नगरपालिकामा रहेका कर्मचारीहरुलाई आवश्यक तालिम प्रशिक्षणको माध्यमबाट मानव संशाधन विकास एंव क्षमता अभिवृद्धि गरी नागरिक प्रति सेवामुखी एंव जवाफदेही बनाउदै लगिनेछ।
- स्थानीय तहलाई प्राप्त न्यायिक अधिकारलाई संस्थागत गर्न आवश्यक विज्ञ सेवाको लागि सम्बद्ध पक्षहरुसँग समन्वय गरिनेछ।
- यस नगरपालिकाको मासिक आम्दानी तथा खर्च यस कार्यालयको सूचना पाटीको माध्यमबाट प्रत्येक महिनाको सात (७) गते भित्रमा सार्वजनिक गर्ने परिपाटीको शुरुवात गरिनेछ । यस कार्यलाई आगामी दिनमा

निरन्तरता दिँदै न.पा.को आर्थिक क्षमताले भ्याएसम्म सञ्चारका विविध माध्यमद्धारा समेत समय समयमा सार्वजनिक गर्ने प्रयास गरिनेछ।

- नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गरी नगरपालिकाबाट ठेक्का पट्टाको माध्यमबाट हुने कार्यहरुमा क्रमश विद्युतीय प्रणाली लागु गर्दै लगिनेछ।
- नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने योजना तथा कार्यक्रमहरुमा सो योजना, कार्यक्रम संचालन हुने स्थानमा योजना सम्बन्धि जानकारी दिने होर्डिङ्ग बोर्ड राख्नु पर्ने प्रावधानलाई कडाईका साथ लागू गरिनेछ।
- यस नगरपालिका भित्र पर्ने सम्पुर्ण संस्था, स्वास्थय चौकी र वडा कार्यालयको काम कारवाही लाई चुस्त दुरुस्त र प्रभावकारी वनाउनका लागि विद्युतीय हाजिरीका साथै सि.सि टिभी क्यामेरा जडान गरिनेछ।
- नागरिक बडापत्रमा उल्लेख भए बमोजिम दैनिक काम काज संचालन गरीनेछ।
- सूचना व्यवस्थापनका लागि सूचना अधिकारीको कार्यलाई अझ व्यवस्थित र प्रभावकारी बनाईने छ।
- यस आ व मा नगरपालिकाले कार्य सम्पादनका आधारमा उत्कृष्ट कर्मचारी छनौट गरी पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ।
- राष्ट्रसेवक कर्मचारीको मनोबल उच्च राखी कार्य सम्पादनको स्तर वृद्धि गर्न र जनसेवा प्रति समर्पित बनाउन आ व २०७९/८० को लागि सङ्घीय बजेटमा व्यवस्था भए बमोजिम नै यस स्थानीय तहमा कार्यरत कर्मचारीहरूका तलब वृद्धि गरिनेछ।

**(च) वित्तीय व्यवस्थापन**

- राजस्व असुली कार्यलाई पारदर्शी सरल र सूचनामैत्री बनाउन नगरका १४ वटै वडामा कम्प्यूटर सफ्टवेयर जडान गरिनेछ जसबाट जुनसूकै समयमा राजश्वको अवस्था बारे सूचना प्राप्त गर्न सकिन्छ।
- यस नगरपालिकामा दर्ता नभएका तर घरेलु , आन्तरिक कार्यालय, वाणिज्य कार्यालयमा दर्ता भई व्यवसाय संचालन गरी आएका व्यवसायीहरुलाई दुई वर्षको कर लिई दर्ता प्रक्रियामा आउन सूचना जारी गरिनेछ।
- सम्पति कर कार्यान्वयनमा ल्याउनका लागि आवश्यक प्रवन्ध मिलाईनेछ।
- स्थानीय सरकारको मेरुदण्ड भनेकै नगरपालिकाको आन्तरिक आय भएकोले संवैधानिक रुपमा प्राप्त भएको राजस्व परिचालनको अधिकारलाई आत्मसात गर्दै आन्तरिक आयमा सुधार ल्याउन राजश्व सम्भाव्यताको विस्तृत अध्ययन गरिनेछ ।
- व्यवसाय कर स्थलगत रुपमा संकलन गरी बक्यौता असुली प्रक्रियालाई जोड दिईनेछ । राजस्व परिचालन क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई विशेष प्रोत्साहन कार्यक्रम ल्याउनेछ।

- सेवाग्राहीलाई सेवा प्रवाह गर्नु अघि नगरपालिकाको आर्थिक ऐन २०७९ मा तोकिएका कर, दस्तुर र सेवाशुल्क लिएर मात्र सेवा प्रवाह गरिनेछ। सेवा प्रवाह क्षेत्रसँग सम्बद्ध रकम नबुझाई सेवा दिएमा वा शुल्क दस्तुर छुट दिएमा मात्र सेवा प्रवाह गर्ने व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।
- प्रचलित ऐन, कानुनको परिधी भित्र रही यस न.पा.मा रहेको राजश्व संकलनको सम्भावनाको वस्तुनिष्ठ आँकलनका लागि आगामी आ.व. भित्रै यस न.पा.को राजश्व सम्भाव्यता अध्ययन गरी वा गराई सोही आधारमा आगामी आ.व. बाट राजश्व संकलनका लागि पहल एवं प्रयास गर्दै न.पा.को आन्तरिक आयलाई वस्तुपरक बनाउँदै लगिनेछ।
- प्रचलित ऐन, कानुन बमोजिम न.पा.मा दर्ता भई संचालन हुनु पर्ने सबै प्रकारका व्यवसायलाई न.पा.मा अनिवार्य रुपमा दर्ता गर्न र गराउन लगाई सो को अभिलेख व्यवस्थित बनाउँदै लगिनेछ।
- प्रचलित ऐन, कानुन बमोजिम न.पा. लाई कर तिर्नु भएतापनि करको दायरामा हाल सम्म नआएका वा आउन नसकेका आयश्रोतहरुको पहिचान गरी करको दायरामा ल्याइनेछ।
- न.पा. को स्वामित्वमा रहेका तालतलैया र पोखरी तथा हाट बजारहरुको उपयुक्त व्यवस्थापन र विकास गरी आन्तरिक आम्दानीको एक प्रमुख श्रोतको रुपमा विकसित गर्दै लगिनेछ।
- विगतका वर्षहरुको बेरुजु, पेश्कीहरुको एकीकृत लगत खडा गरी त्यसको असुल उपर गर्दै फछर्यौट गर्ने, गराउने तर्फ आवश्यक प्रयास गरिनेछ।
- नगरपालिका क्षेत्रका करदाताहरुलाई प्रोत्साहन गर्न आर्थिक वर्षमा सबैभन्दा धैरै कर बुझाउने करदातालाई सम्मान गरिनेछ।

**(छ) विविध:**

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण शुद्धिकरण गर्न अन्य निकायहरुसँगको सहकार्यमा उपयुक्त स्वरुपको अभियान चलाइनेछ।
- आ.व. २०७९/८० लाई नगरपालिका स्तरमा जन्म दर्ता अभियान वर्षको रुपमा विभिन्न कार्यक्रमहरु संचालन गरी मनाइनेछ। यस अभियानलाई सफल तुल्याउन यस न.पा.मा बालबालिका क्षेत्रमा कार्य गर्ने सरकारी तथा गैर सरकारी निकायहरुसंग प्रभावकारी समन्वय गरिनेछ।
- स्थानीय स्तरबाट समावेशी तथा समन्यायिक विकासलाई टेवा पुर्‍याउँदै समतामुलक सामाजिक तथा आर्थिक विकास गरी दिगो शान्ति हासिल गर्ने तर्फ जोड दिइनेछ।

**आदरणीय उपस्थित सम्पुर्ण महानुभावहरु,**

- संविधानको लक्ष्य अनुरुप संघीय शासन प्रणालीलाई आत्मसाथ गर्दै छिमेकी स्थानीय तह र अन्य स्थानीय तहसँगको सम्बन्धलाई नगरपालिकाले आवश्यकताको आधारमा पारस्परिक हित, समानता, सहयोग र सौहार्दतामा अभिवृद्धि हुने गरी सुदृढ गरिनेछ।

- विकास योजना तर्जुमा, कार्यान्वयन एवं मूल्याङ्कनमा समन्वय र सहयोगका लागि कार्यतालिका बनाई कार्यक्रम संचालनमा अझ प्रभावकारिता ल्याईनेछ।

- सौर्य सडक बतीलाई प्राथमिक्ताको आधारमा सहर देखि ग्रामिण भेग सम्म कार्यान्वयन गर्दै लगिनेछ। नगरका मुख्य बजार क्षेत्रहरुमा सौर्य सडक वत्ति जडान तथा विस्तार गरिनेछ।

- आधारभुत तथा प्राथमिक स्वास्थ्य सेवामा आम जनताको पहुच अभिबृद्धि गरि गुणस्तरीय स्वास्थ्य सेवालाई विस्तार गर्ने नीति लिईने छ।

- आवगमनलाई सहजता प्रदान गर्न बाटोको आसपास बाटो अवरोध नहुने गरि २४ घण्टा भन्दा बढी कुनै पनि निर्माण सामग्रीहरु राख्न नदिने र सो बाट उत्पादन भएको फोहर सम्वन्धित व्यक्तिलाई नै हटाउन लगाउने। अटेर गरि नहटाउनेलाई फोहरमैला व्यवस्थापन ऐन तथा अन्य प्रचलित कानुन वमोजिम कडाईका साथ दण्ड जरिवना गर्ने नीति लिईनेछ।

- नगरलाई विश्व सामु धार्मिक पर्यटकिय नगरीका रुपमा चिनाउन राष्ट्रिय अन्तर्राष्ट्रिय नगर तथा निकाय संग/ भगिनी सम्बन्ध कायम गर्न पहल गरिनेछ।

- प्रत्येक योजनाको लागि स्थानीय तहमै अनुगमन समिति र नगरस्तरमा उच्चस्तरीय अनुगमन समिति गठन गरी क्रियाशिल बनाईनेछ।

- आगामी आ.व. मा नगरपालिका क्षेत्र भित्र सार्वजनिक, ऐलानी जग्गाहरुको लागत संकलन गरी संरक्षण सम्बर्द्धनका लागि पहल गरिनेछ।

**आदरणीय सभाध्यक्ष ज्यू तथा नगरसभा सदस्यज्यूहरू,**
अब प्रस्तावित आय व्ययको विवरण बारेमा प्रस्तुत गर्दछु।
आर्थिक वर्ष २०७९/८० का लागि कुल रकम रु ८२ करोड १ लाख ८९ हजारको अनुमानित आय र व्ययको बजेट विवरण पेश गरेको छु। जुन यस प्रकार छ:

**आय तर्फ**

१. संघीय सरकारवाट वित्तीय समानीकरण अन्तर्गत १५ करोड २६ लाख तथा नेपाल सरकारको सशर्त अनुदान २२ करोड ७० लाख अनुदान प्राप्त भएको व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु।

२. सशर्त अनुदान स्वरुप प्राप्त २२ करोड ७० लाख र प्रदेश सरकारबाट प्राप्त हुने अनुमानित सशर्त अनुदान ८० लाखबाट सञ्चालन गरिने कार्यक्रमहरू तथा योजनाहरु संघीय सरकार र प्रदेश सरकारबाटै निक्षेपित भै आएको सन्दर्भमा उक्त कार्यक्रमहरू स्वत स्वीकृत रहेको व्यहोरा निवेदन गर्दछु।

३. आन्तरिक आय श्रोत तर्फ रु १ करोड ६० लाख आम्दानी हुने अनुमान गरेको छु भने प्रदेश सरकारबाट वित्तीय समानीकरण तर्फ रु १ करोड १० लाख १४ हजार प्राप्त हुने अनुमान गरेको छु।

४. सङ्घीय राजश्व बाँडफाँडबाट रु ११ करोड ९७ लाख ५९ हजार प्राप्त हुने अनुमान गरेको छु भने प्रदेश राजश्व बाँडफाँड अनुदान मार्फत रु ४७ लाख ९० हजार प्राप्त हुने अनुमान गरेको छु।

५. संघीय सरकारबाट प्राप्त हुने सडक बोर्ड नेपालबाट रु १९ लाख ९७ हजार ५७ रुपैया प्राप्त हुने अनुमान गरेको छु भने गत वर्षको अ ल्या रु ८ करोड ७५ लाख ७३ हजार ९६० रुपैया प्राप्त हुने अनुमान गरेको छु।

६. संघीय सरकारबाट समपुरक र विशेष अनुदान क्रमश: रु ७० लाख र रु ४० लाख प्राप्त हुने अनुमान गरेको छु भने प्रदेश सरकारबाट समपुरक र विशेष अनुदान क्रमश: रु २० लाख र रु ३० लाख प्राप्त हुने अनुमान गरेको छु।

७. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत रु १७ करोड ५० लाख र गरिब सँग विश्वेश्वर कार्यक्रम अन्तर्गत रु ४ लाख ५५ हजार प्राप्त हुने र संघीय सरकार निक्षेपित भै आएको सन्दर्भमा उक्त कार्यक्रमहरू स्वत स्वीकृत रहेको व्यहोरा निवेदन गर्दछु।

**व्यय तर्फ**

१. कुल बजेट रु ८२ करोड १ लाख ८९ हजार मध्ये चालु खर्च तर्फ रु ३९ करोड ५९ लाख ६१ हजार ९६० रुपैया, सामाजिक सुरक्षा अन्तर्गत रु १७ करोड ५० लाख, विषयगत शाखा (शिक्षा, पशु, स्वास्थ्य, कृषि, महिला विकास) तर्फ रु ३ करोड ५१ लाख ५० हजार र वडा नं १,३,४ र १४ लाई ८० लाख र बाँकी प्रत्येक वडाहरुलाई ५० लाख गरी वडागत रुपमा कुल बजेट रु ८ करोड २० लाख बजेट विनियोजन गरेको छु । उपरोक्त लगायतका खर्चहरूको विस्तृत विवरण अनुसुचीहरूमा पेश गरेको छु ।

२. नगरस्तरीय योजना संचालन गर्न रू. २५ करोड ४५ लाख ८६ हजार ९६० रुपैया बिनियोजन गरेको छु । यस सम्बन्धि खर्चहरूको विस्तृत विवरण अनुसुचीहरूमा पेश गरेको छु ।

३. संघ तथा प्रदेशबाट नगरपालिकालाई प्राप्त हुने विविध विकास तथा अन्य अनुदानको कार्यन्वयनको लागि आवश्यक पर्ने म्याचिंग फण्डका लागि रू. २ करोड विनियोजन गरेको छु ।

## आदरणीय सभाध्यक्ष ज्यू तथा नगरसभा सदस्यज्यूहरु,

योजना तथा कार्यक्रम तर्जुमा का साथै त्यसको सफल कार्यान्वयन गर्नु पर्दछ । योजनाको कार्यान्वयन गर्दा त्यसको गुणस्तर कायम गर्ने तथा समयमा नै सम्पन्न गर्नु चुनौतिको विषय रहेको छ । यस तर्फ आगामी दिनहरुमा नगरसभा सदस्यज्युहरुबाट सहयोगको अपेक्षा गरिएको छ । विकासका कार्यक्रम के कति सम्पन्न भयो भन्दा पनि त्यसबाट नागरिकको जिवनमा हामीले के कति परिवर्तन ल्यायौ त्यो नै महत्वपूर्ण विषय हो । यस तर्फ पनि सबै सदस्यज्यूहरुले मनन गर्नु हुनेछ र भावी दिनमा समृद्ध र सु–संस्कृत नगर बनाउन सबै राजनैतिक दल, नागरिक समाज, निजि क्षेत्र, पेशागत संस्थाका महानुभावहरु, शिक्षक, पत्रकार लगायत सबै नगरबासीमा हार्दिक अपिल गर्दछु ।

अन्तमा, यस नीति तथा कार्यक्रम, बजेट तथा योजना निर्माणमा महत्वपूर्ण मार्गदर्शन, सल्लाह तथा सुझाव प्रदान गरि सहयोग गर्नु हुने नगरसभा सदस्यज्यूहरु, राजनैतिक दलका पदाधिकारीहरु, कर्मचारी साथीहरु, सञ्चारकर्मी साथीहरु, विभिन्न पेशा, क्षेत्र र समुदायको प्रतिनिधित्व गर्नु हुने महिला तथा सज्जन बृन्दलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै आगामी दिनमा यस नगरपालिकाको नीति तथा कार्यक्रम, बजेट तथा योजना कार्यन्वयनमा यहाँहरुको सहयोगको अपेक्षा गरेको छु ।

**धन्यवाद** !